बैठक संख्याः १५।२०८२

बैठक मितिः २०८२।६।३१ गते, समयः बिहान ८:०० बजे

स्थानः सप्तकोशी नगरपालिका कार्यालयको सभाहल, सप्तरी

आज मिति २०८२।६।३१ गते, शुक्रवार बिहान ८:०० बजे सप्तकोशी नगरपालिकाका नगर प्रमुख श्री कृष्ण प्रसाद ढकालज्यूको अध्यक्षतामा देहाय बमोजिमको उपस्थितिमा नगर कार्यपालिकाको बैठक बसी निम्न प्रस्तावहरू माथि छलफल गरी निर्णय गरियो ।

**उपस्थिति**

| क्र.सं. | नामथर | पद | वडा नं. | दस्तखत |
|---|---|---|---|---|
| १ | श्री कृष्ण प्रसाद ढकाल | नगर प्रमुख-अध्यक्ष | | |
| २ | श्री रिता कुमारी चौधरी | नगर उपप्रमुख | | |
| ३ | श्री रोहिणी प्रसाद पोखरेल | वडा अध्यक्ष | १ | |
| ४ | श्री नवराज अधिकारी | का.बा. वडा अध्यक्ष | २ | |
| ५ | श्री देवकान्त गोजेवार | वडा अध्यक्ष | ३ | |
| ६ | श्री जय राम खंग | वडा अध्यक्ष | ४ | |
| ७ | श्री कुन्ती सदा | का.बा. वडा अध्यक्ष | ५ | |
| ८ | श्री नन्दी लाल चौधरी | वडा अध्यक्ष | ६ | |
| ९ | श्री जितन चौधरी | वडा अध्यक्ष | ७ | |
| १० | श्री केदार प्रसाद साह | वडा अध्यक्ष | ८ | |
| ११ | श्री राजेन्द्र कुमार यादव | वडा अध्यक्ष | ९ | |
| १२ | श्री हरी लाल साह | वडा अध्यक्ष | १० | |
| १३ | श्री डोलेश्वर खड्ग | वडा अध्यक्ष | ११ | |
| १४ | श्री मनो कुमारी चौधरी | कार्यपालिका सदस्य | ३ | |
| १५ | श्री राजेन्द्र वि.क. | कार्यपालिका सदस्य | २ | |
| १६ | श्री रमेश प्रसाद साह | कार्यपालिका सदस्य | ८ | |
| १७ | श्री ललिता देवी खड्ग | कार्यपालिका सदस्य | ९ | |
| १८ | श्री प्रभा कुमारी चौधरी | कार्यपालिका सदस्य | ५ | |
| १९ | श्री संझा कुमारी चौधरी | कार्यपालिका सदस्य | ६ | |
| २० | श्री शान्ति देवी यादव | कार्यपालिका सदस्य | १० | |
| २१ | श्री संजु देवी चौधरी | कार्यपालिका सदस्य | ११ | |
| २२ | श्री पुरुषोत्तम ढकाल | प्रमुख प्रशासकीय अधिकृत | | |
| **सहयोगी कर्मचारीहरू** | | | | |
| १ | श्री प्रकाश सुवेदी | अधिकृत सातौं | | |
| २ | श्री रण बहादुर मगर | अधिकृत छैठौं | | |



CamScanner

बैठक संख्याः १५।२०८२

बैठक मितिः २०८२।६।३१ गते, समयः बिहान ८:०० बजे

स्थानः ससकोशी नगरपालिका कार्यालयको सभाहल, ससरी

<u>प्रस्तावहरू</u>

१. प्रस्ताव नं. १ : अघिल्लो कार्यपालिका बैठकको समीक्षा सम्बन्धमा।

२. प्रस्ताव नं. २ : त्रियुगा मोक्ष धाम निर्माण स्थल चयन एवं सिफारिस समिति गठन सम्बन्धमा।

३. प्रस्ताव नं. ३ : ससकोशी नगरपालिकाको देहायका कार्यविधिहरूको स्वीकृति सम्बन्धमा।

(क) ससकोशी नगरपालिकाको संक्षिप्त वातावरणीय अध्ययन तथा प्रारम्भिक वातावरणीय परीक्षण कार्यविधि, २०८२

(ख) ससकोशी नगरपालिकाको सर्पदंश केन्द्र सञ्चालन सम्वन्धीको कार्यविधि, २०८२

(ग) ससकोशी नगरपालिकाको सार्वजनिक शौचालय सञ्चालन तथा मर्मत कार्यविधि, २०८२

(घ) ससकोशी नगरपालिकाको नदीजन्य पदार्थ ढुङ्गा),गिट्टी, वालुवा, ग्राभेल, रोडा र माटो ( उत्खनन, संकलन तथा विक्री वितरण सम्बन्धी कार्यविधि, २०८२

४. प्रस्ताव नं. ४ : संक्षिप्त वातावरणीय अध्ययन प्रतिवेदन तयारी कार्यको कार्यसूची स्वीकृत गर्ने सम्बन्धमा।

५. प्रस्ताव नं. ५ : योजना सञ्चालन प्रक्रिया सम्बन्धमा।

६. प्रस्ताव नं. ६ : घुम्ती शौचालय सञ्चालन एवं शौचालय प्रयोगको शुल्क तोक्ने सम्वन्धमा।

७. प्रस्ताव नं. ७ : नदीजन्य पदार्थको चोरी निकासी नियन्त्रणको प्रोत्साहन रकम उपलब्ध गराउने सम्बन्धमा।

८. प्रस्ताव नं. ८ : विपदको समयमा राहत वितरणको रकम भुक्तानी सम्बन्धमा।

९. प्रस्ताव नं. ९ : जितिया पर्वको अवसरमा दिएको स्थानीय बिदाको अनुमोदन सम्बन्धमा।

१०. प्रस्ताव नं. १० : मुख्य प्रशासनिक भवनको पहिलो तलाको झ्याल मर्मत गर्ने सम्बन्धमा।

११. प्रस्ताव नं. ११ : वडा नं. ७ मा बिजुली बत्ति जडान तथा मर्मत सम्बन्धमा।

१२. प्रस्ताव नं. १२ : नागरिक आरोग्य सेवा केन्द्र हस्तान्तरण सम्बन्धमा।

१३. प्रस्ताव नं. १३ : ससकोशी नगरपालिकाको "घ" वर्गको निर्माण व्यावसायी ईजाजतपत्र सम्बन्धी कार्यविधि, २०७५ मा पहिलो संशोधन सम्बन्धमा।

१४. प्रस्ताव नं. १४ : कमलदह पर्यटकीय स्थल निर्माण II योजनाको म्याद थप सम्बन्धमा।

बैठक संख्याः १५।२०८२

बैठक मितिः २०८२।६।३१ गते, समयः बिहान ८:०० बजे

स्थानः ससकोशी नगरपालिका कार्यालयको सभाहल, ससरी

**निर्णयहरू**

**निर्णय नं. १**

यस अघिको नगर कार्यपालिका बैठकको निर्णयहरूको कार्यान्वयनको समीक्षा गरियो।

**निर्णय नं २**

ससकोशी नगरपालिका, वडा नं. १ स्थित त्रियुगा नदीको हेडबाँध नजिक विगत देखि नगरपालिका वासीहरूको मृत्यु हुँदा दाहसंस्कार गरिदैं आएकोमा चालु आ.व.२०८२।०८३ मा नेपाल सरकार, राष्ट्रिय योजना आयोगबाट समपुरक अनुदान अन्तर्गत त्रियुगा मोक्ष धाम निर्माण योजनाको लागि बजेट रु. ८७,००,०००।- (सतासी लाख मात्र) प्राप्त भएको र उक्त योजना निर्माणको लागि त्रिवर्षीय बजेट रु. ७,००,००,०००- (सात करोड न.पा. साझेदारी समेत) विनियोजन भएको सन्दर्भमा स्थानीय सरोकारवाला पक्षहरू बीच साविकमा दाहसंस्कार गरिदैं आएको सोही स्थानमा त्रियुगा मोक्ष धाम निर्माणको सम्वन्धमा विवाद सिर्जना भएकोले त्रियुगा मोक्ष धाम निर्माणको लागि १० दिन भित्रमा उपयुक्त स्थानको चयन एवं एकीन गरी ससकोशी नगर कार्यपालिका समक्ष सिफारिस गर्ने प्रयोजनको लागि नगर उप-प्रमुख श्री रिता कुमारी चौधरीज्यूको संयोजकत्वमा स्थानीय सरोकारवालाहरू सहितको प्रतिनिधित्व हुने गरी देहाय बमोजिमको १३ सदस्यीय त्रियुगा मोक्ष धाम निर्माण स्थल चयन एवं सिफारिस समिति गठन गर्ने र उक्त समितिलाई आवश्यक सर-सहयोग पुऱ्याउन अधिकृत सातौं श्री प्रकाश सुवेदीलाई सदस्य सचिवको रूपमा तोक्ने साथै उक्त समितिमा रहने सदस्यहरूको नामावली उपलब्ध गराई दिन सम्बन्धित सरोकारवाला पक्षलाई अनुरोध गरी पठाउने गर्ने निर्णय गरियो।

**देहायः**

**त्रियुगा मोक्षधाम निर्माण स्थल चयन एवं सिफारिस समिति गठन**

१. नगर उप-प्रमुख श्री रिता कुमारी चौधरी - संयोजक

२. १ नं. वडा अध्यक्ष एवं नगर कार्यपालिका सदस्य श्री रोहिणी प्रसाद पोखरेल - सदस्य

३. ३ नं. वडा अध्यक्ष एवं नगर कार्यपालिका सदस्य श्री देवकान्त गोजेवार - सदस्य

४. ४ नं. वडा अध्यक्ष एवं नगर कार्यपालिका सदस्य श्री जयराम खङ्ग - सदस्य

५. ८ नं. वडा अध्यक्ष एवं नगर कार्यपालिका सदस्य श्री केदार प्रसाद साह - सदस्य

६. २ नं. वडा सदस्य तथा नगरसभा सदस्य श्री नवराज अधिकारी - सदस्य

७. वडा नं. १, हेडवाँध टोल विकास समितिबाट ३ जना प्रतिनिधिहरू - सदस्य

८. वडा नं.१, आर्यघाट व्यवस्थापन समस्या समाधान समितिबाट ३ जना प्रतिनिधिहरू- सदस्य

९. अधिकृत सातौं श्री प्रकाश सुवेदी - सदस्य सचिव

बैठक संख्याः १५।२०८२

बैठक मितिः २०८२।६।३१ गते, समयः बिहान ८:०० बजे

स्थानः ससकोशी नगरपालिका कार्यालयको सभाहल, ससरी

**निर्णय नं. ३**

ससकोशी नगरपालिकाको विधायन समितिबाट तयार गरी पेश भएका देहाय बमोजिमका कार्यविधिहरू स्वीकृत गर्ने निर्णय गरियो ।

**देहाय**

(क) ससकोशी नगरपालिकाको संक्षिप्त वातावरणीय अध्ययन तथा प्रारम्भिक वातावरणीय परीक्षण कार्यविधि, २०८२

(ख) ससकोशी नगरपालिकाको सर्पदंश केन्द्र सञ्चालन सम्बन्धीको कार्यविधि, २०८२

(ग) ससकोशी नगरपालिकाको सार्वजनिक शौचालय सञ्चालन तथा मर्मत कार्यविधि, २०८२

(घ) ससकोशी नगरपालिकाको नदीजन्य पदार्थ (ढुङ्गा,गिट्टी, बालुवा, ग्राभेल, रोडा र माटो) उत्खनन, संकलन तथा विक्री वितरण सम्बन्धी कार्यविधि, २०८२

**निर्णय नं. ४**

प्रस्तावक लक्ष्मी शाह कन्स्ट्रक्सन एण्ड सप्लायर्स प्रा.लि. ससकोशीले जग्गाधनी रामचन्द्र साहको नाममा रहेको तपसिल बमोजिमको ससकोशी नगरपालिका वडा नं. ५, गंगाजली गाँउको दहखेतमा अवस्थित निजी स्वामित्वको जग्गाबाट वातावरणीयमैत्री रूपले बालुवा तथा ग्राभेल उत्खनन तथा संकलन तथा विक्री वितरण गर्नको लागि परामर्शदाता प्रो-डेक्स ईन्जिनियरिङ्ग ईन्क प्रा.लि. नयाँवस्ती, काठमाण्डौबाट तयार गरी पेश गरेको संक्षिप्त वातावरणीय अध्ययन प्रतिवेदन तयारी कार्यको कार्यसूची स्वीकृत गर्ने निर्णय गरियो ।

**वालुवा तथा ग्राभेल उत्खनन तथा संकलन गरिने जग्गाको विवरण**

| क्र.सं. | वडा नं. | जग्गाधनीको नाम थर | कित्ता नं. | क्षेत्रफल |
|---|---|---|---|---|
| १ | वडा नं. ५ | राम चन्द्र साह | २१२ | ०-४-१५-० |
| २ | वडा नं. ५ | राम चन्द्र साह | २११ | ०-४-१५-० |
| ३ | वडा नं. ५ | राम चन्द्र साह | २१० | ०-५-०-० |
| ४ | वडा नं. ५ | राम चन्द्र साह | २०९ | ०-५-०-० |
| ५ | वडा नं. ५ | राम चन्द्र साह | २०८ | ०-६-४-० |

**निर्णय नं. ५**

ससकोशी नगरपालिकाबाट चालु आ.व.२०८२।०८३ मा रु. १०,००,०००।- (दश लाख) बजेट भन्दा माथिका योजनाहरू उपभोक्ता समिति मार्फत नगरी ठेक्का प्रक्रियाबाट सञ्चालन गर्ने र उपभोक्ता समिति मार्फत सञ्चालन गर्न नसकिने वडा स्तरीय रु. १०,००,०००।- (दश लाख) बजेट भन्दा कमका योजनाहरू समेत सम्बन्धित वडाको सिफारिसमा ठेक्का प्रक्रियाबाट सञ्चालन गर्ने निर्णय गरियो।



CamScanner

बैठक संख्याः १५।२०८२
बैठक मितिः २०८२।६।३१ गते, समयः बिहान ८:०० बजे
स्थानः ससकोशी नगरपालिका कार्यालयको सभाहल, ससरी

**निर्णय नं. ६**

ससकोशी नगरपालिकाको घुम्ती शौचालय ससकोशी नगरपालिका वडा नं. १ स्थित शान्ति नगर टोल विकास संस्था मार्फत वडा नं.१ स्थित सोमवारे र शुक्रवारे हटियामा सञ्चालन गर्ने र उक्त घुम्ती शौचालय एवं ससकोशी नगरपालिका स्थित सार्वजनिक शौचालयहरूमा पिसाब गरे बापत रु. ५।- र शौच गरे बापत रु. १०।- शुल्क तोक्ने निर्णय गरियो।

**निर्णय नं. ७**

ससकोशी नगरपालिका स्थित गंगाजली, मलेठ, अमाहा-ट्याग्रा लगायतका खोलाहरूबाट नदीजन्य पदार्थ ढुङ्गा, गिट्टी, बालुवा, ग्राभेल, रोडा अवैध रूपले चोरी निकासी गर्ने सवारी साधनलाई नियन्त्रणमा लिई सम्बन्धित सवारीधनीलाई जरिमाना तिराउन सहयोग गरेका र सहयोग गर्ने सुरक्षा निकायको प्रहरी कर्मचारी लगायतका व्यक्तिलाई उक्त जरिमाना रकमको २५% ले हुने रकम प्रोत्साहन स्वरूप उपलब्ध गराउने निर्णय गरियो।

**निर्णय नं. ८**

२०८२ साल असोज १८ र १९ गते परेको अविरल वर्षातको कारणले ससकोशी नगरपालिका वडा नं.६ स्थित वोचहीमा डुवानमा परेका १७८ घरपरिवारहरूलाई तत्काल प्रति परिवार चिउरा-२ के.जी., मुरही-३ के.जी., वाईवाई चाउचाउ-५ प्याकेट, खाने तेल-१ प्याकेट (५०० एमएल), आयोनून-१ प्याकेटको दरले उपलब्ध गराएकोमा सो बापत लागेको खर्च रु. १,६३,५००।- चालु आ.व.२०८२।०८३ मा विपद व्यवस्थापन सम्बन्धी कार्य शीर्षकमा विनियोजित बजेट मध्येबाट भुक्तानी गर्ने निर्णय गरियो।

**निर्णय नं. ९**

ससकोशी नगरपालिका क्षेत्रमा बसोबास गर्ने थारू लगायतका मधेशी समुदायले मनाउने जितिया पर्वको अवसरमा २०८२ भाद्र २९ र ३० गते स्थानीय बिदा दिएकोमा सोको अनुमोदन गर्ने निर्णय गरियो।

**निर्णय नं. १०**

२०८२ भाद्र २४ गते जेन-जी आन्दोलनको प्रदशर्नको क्रममा आन्दोलनकारीहरूबाट ससकोशी नगरपालिकाको मुख्य प्रशासनिक भवनको पहिलो तलाको झ्यालका सिसाहरू तोडफोड भएकोमा चालु आ.व.२०८२।०८३ को विपद व्यवस्थापन सम्बन्धी कार्य शीर्षकमा विनियोजित बजेट मध्येबाट प्राविधिक लागत अनुमान तयारी गरी मर्मत सम्भार गर्ने निर्णय गरियो।

**निर्णय नं. ११**

ससकोशी नगरपालिका, वडा नं. ७ को कार्यालयको च.नं. ६५ मिति २०८२।६।२८ गतेको पत्रबाट आ.व.२०८२।०८३ को वडास्तरीय उद्धोषण तालिममा विनियोजित बजेट रु. ५००००।- (पचास हजार) बाट बिजुली बत्ती मर्मत तथा जडान गरी दिनको लागि वडा

समितिको निर्णय सहित अनुरोध भई आएकोले सोही बमोजिमको कार्य सञ्चालन गर्ने निर्णय गरियो।

**निर्णय नं. १२**

नेपाल सरकार, स्वास्थ्य तथा जनसंख्या मन्त्रालय, आयुर्वेद तथा वैकल्पिक चिकित्सा विभाग अन्तर्गत साबिकमा स्थानीय तहहरूमा सञ्चालित नागरिक आरोग्य सेवा केन्द्रहरू आ.व.२०८२।०८३ देखि सम्बन्धित स्थानीय तहहरूबाटै सञ्चालन हुने गरी चालु आ.व.२०८२।०८३ मा सङ्घीय सशर्त अनुदान अन्तर्गत नागरिक आरोग्य सेवा केन्द्र सञ्चालन तथा अभियान शिर्षकमा बजेट रु. ५,००,०००।- विनियोजन भई प्राप्त हुन आएको र साबिकमा जिल्लास्तरीय आयुर्वेद स्वास्थ्य संस्था अन्तर्गत सप्तकोशी नगरपालिका, वडा नं. १० स्थित भगनीमा सञ्चालित नागरिक आरोग्य सेवा केन्द्रमा करारमा कार्यरत अभियान कर्ता (वैध) सहायक चौथो श्री प्रतिभा मेहता कर्मचारी सहितको फायल कागजात एवं सामग्रीहरू प्रादेशिक आयुर्वेद तथा वैकल्पिक चिकित्सालय, राजविराजको च.नं.१४ मिति २०८२।६।२२ को पत्र मार्फत हस्तान्तरण भई आएकोले हाललाई स्वास्थ्य चौकी कमलपुर भगनीमा नागरिक आरोग्य सेवा केन्द्र राखी सेवा सञ्चालन गर्ने र करारमा कार्यरत निज वैध सहायक चौथो श्री प्रतिभा मेहताको पूर्ववत् सेवा शर्त कायम हुने गरी २०८२ श्रावण महिना देखि २०८२ पौष मसान्तसम्म म्याद थप गरी कामकाज लगाउने निर्णय गरियो।

**निर्णय नं. १३**

सप्तकोशी नगरपालिकाको "घ" वर्गको निर्माण व्यावसायी ईजाजतपत्र सम्बन्धी कार्यविधि, २०७५ को दफा २ को उपदफा (२) संग सम्बन्धित अनुसूची-५ मा उल्लिखित "घ" वर्गको निर्माण व्यावसायीको लागि आवश्यक योग्यताको द्रष्टव्य खण्डको बुँदा नं. १ को सट्टामा देहाय बमोजिम संशोधन गर्ने निर्णय गरियो।

**देहाय**

मेशिनरी उपकरणको नामावली पेश गर्दा आफ्नो स्वामित्वको प्रमाण-पत्र वा भाडा/लिजमा प्राप्त गरेको भए सो सम्बन्धी सम्झौता पत्रको साथै बिमा गरेको कागजातहरू पेश गर्नु पर्नेछ।

**निर्णय नं. १४**

सप्तकोशी नगरपालिका, वडा नं. ११ मा सञ्चालित कमलदह पर्यटकीय स्थल निर्माण II योजनाको म्याद थप गरी दिन सम्बन्धित निर्माण व्यावसायीहरूबाट अनुरोध भई आएको र प्राविधिक समेतबाट म्याद थप हुन सिफारिस भई आएकोले उक्त योजना मिति २०८२ साल माघ मसान्त भित्रमा निर्माण कार्य सम्पन्न गर्ने गरी म्याद थप गर्ने निर्णय गरियो।

CamScanner